# नवराजपुर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा

मधेश प्रदेश, नेपाल

प.सं. :२०८३/०८४(शिक्षा)
च.नं. :१८

मितिः- २०८३/०४/११

श्री सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरु
नवराजपुर गा.पा., सिरहा

**<u>विषयः- विशेषज्ञ/विषय विशेषज्ञ सूचीकृत हुने सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा शिक्षा नियमावली २०५९(संशोधन सहित) को नियम ९६ को (क) बमोजिम प्रधानाध्यापक वा करारमा शिक्षक कर्मचारी नियुक्ती प्रक्रियालाई गुण्स्तर पारदर्शी र निष्पक्ष बनाउनका लागि गठन हुने शिक्षक/कर्मचारी छनौट समितिमा रही कार्य गर्ने इच्छुक देहाय अनुसारको कागजात सहित योग्यता पुगेका शिक्षकहरुले निवेदन सुचना प्रकाशन भएको मितिदेखी ७(सात) दिनभित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**देहाय**

आधारभुत तहः(कक्षा१-५) र (कक्षा ६-८)

- शिक्षा शास्त्रमा स्नातक गरेको ।
- कम्तिमा ३ वर्ष शिक्षण अनुभव भएको सम्बन्धित तह/विषयको स्थायी शिक्षक ।
- कम्पयुटर सम्बन्धी ज्ञान भएको ।(नेपाली/अंग्रेजी टाइपिङ गर्न सक्ने)

**माध्यमिक तह**

- शिक्षा शास्त्रमा स्नातकोत्तर गरेको ।
- कम्तिमा ३ वर्ष शिक्षण अनुभव भएको सम्बन्धित तह/विषयको स्थायी शिक्षक ।
- कम्पयुटर सम्बन्धी ज्ञान भएको ।(नेपाली/अंग्रेजी टाइपिङ गर्न सक्ने)

**संलग्न गर्नुपर्ने कागजातहरुः**

- निवेदन ।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- स्थायी नियुक्ती पत्र तथा कार्यरत रहेको विद्यालयको तह/श्रेणी विषय, संकेत नं., स्थायी सेवा अवधि र विभागिय सजाय नपाएको विवरण खुल्ने विद्यालयको सिफारिस पत्र ।

पुनश्चः सुचीकृत हुने विशेषज्ञ/विषय विशेषज्ञले शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टिकरण तालिका बमोजिम सबै विषयका प्रश्नहरु अंग्रेजी र नेपाली दुवै माध्यममा कम्प्युटरमा तयार गर्न सक्ने तथा उत्तरपुस्तिका परिक्षण गर्न सक्नुपर्नेछ ।

..............................
(......नाथ यादव)
नि.प्रमुख प्रशासकीय अधिकृत